**कार्यक्रम : "अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धमा सरोकारवाला निकाय /व्यक्तिहरूसंग छलफल"**

**मिति : २०६८/१०/२५ गते,**

आज मिति २५/१०/२०६८ का दिन राष्ट्रिय महिला आयोगको सभा हलमा "अन्तराष्ट्रिय महिला दिवस मनाउने सिलसिलामा सरोकारवाला निकाय /व्यक्तिहरूसंग छलफल" विषयमा कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, UN Agencies र विभिन्न संघ/संस्थाहरूको उपस्थिति थियो भने महिला बालबालिका तथा समाज कल्याण मन्त्रीज्यूको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।





यस वर्षको अन्तराष्ट्रिय महिला दिवसको नारा ***connecting girls inspiring future*** रहेको छ भने आजको कार्यक्रममार्फत यस नाराको नेपालीकरण गर्दा ***"किशोरीहरूको आबद्धता उज्जवल भविष्यको सुनिश्चितता"*** भन्ने नारा तय भयो र कार्यक्रममा प्रत्यक्ष छलफलबाट ***"महिला हिंसा अन्त्य गरौं: शून्य शहिष्णुता कायम गरौं"*** भन्ने राष्ट्रिय नारा समेत तय गरियो ।

कार्यक्रमबाट अन्तराष्ट्रिय महिला दिवसको निम्ति राष्ट्रिय महिला आयोगका अध्यक्षको संयोजकतामा व्यवस्थापन समितिको गठन गरियो, जसमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, UNFPA र NGO बाट शान्ति मालिका र AATWIN सदस्य रहेका छन् । त्यसैगरी, अन्तराष्ट्रिय महिला दिवसको दिन आयोजना गरिने र्‍याली ब्यवस्थापनका लागि राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीको संयोजकचत्वमा र्‍याली उप समितिको समेत गठन गरिएको छ ।